# स्थानीय राजपत्र

गोकर्णेश्वर नगरपालिका, काठमाडौँद्वारा प्रकाशित

खण्डः ५) काठमाडौँ, कार्तिक २२ गते, २०७८ साल संख्याः४

## भाग २

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## वागमती प्रदेश, नेपाल ।

नेपालको संविधान बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर कार्यपालिकाको वैठकले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# गोकर्णेश्वर नगरपालिकाको स्वास्थ्य बीमा संयोजन समिति गठन तथा संचालन कार्यविधि, २०७८

मूल्य रु १०।

# गोकर्णेश्वर नगरपालिकाको स्वास्थ्य बीमा संयोजन समिति गठन तथा संचालन कार्यविधि, २०७८

## प्रस्तावना :

स्वास्थ्य बीमा नियमावली ,२०७५ को दफा २६ मा प्रत्येक स्थानीय तहमा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न र सहजीकरण गर्ने लगायतका कार्य गर्नको लागि स्थानीय सरकारले तोके बमोजिमको एक स्थानीय तहमा स्वास्थ्य बीमा संयोजन समिति रहनेछ भन्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउन गोकर्णेश्वर नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७८/०७/०७ गते बसेको ५१ औं बैठकबाट गोकर्णेश्वर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम गोकर्णेश्वर नगरपालिकाको स्वास्थ्य बीमा संयोजन समिति गठन संचालन कार्यविधि, २०७८ स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १ संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम गोकर्णेश्वर नगरपालिकाको स्वास्थ्य बीमा संयोजन समिति गठन तथा संचालन कार्यविधि, २०७८ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## २ परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"ऐन"**भन्नाले स्वास्थ्य बीमा ऐन,२०७४ सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"**भन्नाले नियम २ को खण्ड

(ख) बमोजिमको कार्यक्रम सम्झनुपर्छ ।

(ग) **"नियमावली"** भन्नाले स्वास्थ्य बीमा नियमावली,२०७५ सम्झनु पर्छ ।

(घ) **"नगरपालिका"** भन्नाले गोकर्णेश्वर नगरपालिका लाई जनाउँदछ।

(ङ) **"नगर प्रमुख"** भन्नाले गोकर्णेश्वर नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गोकर्णेश्वर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) **"सामाजिक विकास समितिका संयोजक"** भन्नाले गोकर्णेश्वर नगरपालिकाको सामाजिक विकास समितिका संयोजकलाई बुझाउँदछ ।

(ज) **"गोकर्ण प्राथमिक अस्पताल"** भन्नाले गोकर्णेश्वर नगरपालिका अन्तर्गतको गोकर्ण प्राथमिक अस्पताललाई बुझाउँदछ ।

(झ) **"बोर्ड"** भन्नाले स्वास्थ्य बीमा बोर्ड सम्झनु पर्छ।

(ञ) **"स्वास्थ्य शाखा"**भन्नाले गोकर्णेश्वर नगरपालिकाको स्वास्थ्य शाखालाई बुझाउँदछ ।

(ट) संयोजन समिति भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठित स्वास्थ्य बीमा संयोजन समिति सम्झनु पर्दछ ।

## परिच्छेद २

## समितिको गठन

### ३ संयोजन समिति गठनः

(१) यस नगरपालिका क्षेत्रमा संचालन हुने स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमोजिमको नगरस्तरीय स्वास्थ्य बीमा संयोजन समिति रहने छ ।

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | -संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) | सामाजिक विकास समितिका संयोजक | -सदस्य |
| (घ) | गोकर्ण प्राथमिक अस्पतालका प्रमुख | -सदस्य |
| (ङ) | शाखा प्रमुख, स्वास्थ्य शाखा | -सदस्य |

(च) दर्ता अधिकारी ¸स्वास्थ्य बिमाबोर्ड -सदस्य

(छ) गोकर्ण प्राथमिक अस्पतालका

जनस्वास्थ्य निरीक्षक -सदस्य सचिव

(२) संयोजन समितिको बैठक आवश्यकता अनुसार बर्षमा कम्तिमा चार पटक बस्नेछ।

(३) सदस्य सचिवले बैठकको कार्यसूची संयोजकको स्वीकृतिमा तय गर्नु पर्नेछ ।

(४) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ।

(५) बैठकमा कुनै खास विषय विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

(६) सदस्यहरुलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुने कार्यसूची सामान्यतया तीनदिन अघि दिनु पर्नेछ तर कुनै खास विषयमा चौबिस घण्टा अघि जानकारी दिई बैठक बस्न वाधा पर्ने छैन ।

(७) बैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछन् ।

(८) बैठक बसेको दिनमा पदाधिकारीले प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(९) सचिवालयको काम गोकर्णेश्वर नगरपालिकाको कार्यालयले गर्नेछ ।

**४ काम, कर्तव्य र अधिकारः संयोजन समितिको कमकर्तव्य र अधिकार देहायबमोजिमहुनेछः**

(क) गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र कार्यक्रम विस्तार गर्न प्रवर्द्धनात्मक कार्यमा सहजीकरण र सहयोग गर्ने,

(ख) गोकर्णेश्वर नगरपालिका अन्तर्गतका सरकारी, सार्वजनिक संस्थाहरुको कर्मचारी र परिवारलाई स्वास्थ्य बीमाको दायरामा ल्याउन नियमावलीले तोके बमोजिम प्रिमियमको व्यवस्था गरी कार्यक्रममा आवद्द गर्ने,

(ग) अति गरिब परिवारलाई कार्यक्रममा आवद्द गर्न गोकर्णेश्वर नगरपालिका र बोर्डबीच साझेदारी गर्ने,

(घ) नसर्ने रोगको लागि कार्यक्रमले दिई आएको सुविधा उपलब्ध गराउन वा वृद्धि गर्न बोर्डसँग साझेदारी गर्ने,

(ङ) कार्यक्रमगत रुपमा बोर्डलाई ससर्त अनुदान उपलब्ध गराउन पहल गर्ने,

(च) गोकर्णेश्वर नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर वृद्धि गर्न पहल गराउने,

(छ) बीमाबाट प्रदान गरिने औषधिहरु नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु

द्वारा संचालित फार्मेसीमा उपलब्ध हुने व्यवस्थामा सहजीकरण र सहयोग गर्ने,

(ज) स्वास्थ्य संस्थाहरुमा चिकित्सकको उपलब्धताका लागि पहल गर्ने,

(झ) स्वास्थ्य संस्थाहरुको पूर्वाधारमा विस्तार, उपकरणको पर्याप्त व्यवस्था र प्रयोगशालाको सेवा लगायत सेवा सुविधामा निरन्तरता र स्तरोन्नति का लागि पहल गर्ने,

(ञ) कार्यक्रम प्रवर्द्धनका सन्दर्भमा नेपाल सरकार,स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वागमती प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र बोर्ड लगायत निकाय सँग आवश्यक समन्वय गर्ने,

(ट) संयोजन समितिले आवश्यक देखेका बीमा कार्यक्रम सँग सम्बन्धित अन्य विषयहरु ।

## ५ स्वास्थ्य बीमा संचालन हुने संस्थाः

गोकर्ण प्राथमिक अस्पतालबाट यस नगरपालिका क्षेत्रको स्वास्थ्य बीमा कार्यक्रम संचालन गरिनेछ । साथै आवश्यकता अनुसार उक्त कार्यक्रम अन्य स्वास्थ्य संस्थामा समेत विस्तार गर्न सकिनेछ ।

# परिच्छेद ३

# विविध

## ६. प्रचलित कानुन बमोजिम हुनेः -

यस कार्यविधिमा परेका विषयहरु यसै बमोजिम र नपरेको हकमा प्रचलित नेपाल कानुन (संघीय, प्रदेश र यस नगरपालिकाको) अनुसार हुनेछ ।

## ७ बाधा अड्काउ फुकाउने अधिकारः

यो कार्यविधि कार्यान्वय नगर्दा कुनै बाधा अड्काउ आइपरेमा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

## ८. संशोधन र खारेजीः

यस कार्य विधिको आवश्यकतानुसार संशोधन र खारेजी नगर कार्यपालिकाले गर्नेछ ।

कार्यपालिका बाट पारित मितिः २०७८/०७/०७

प्रमाणिकरण मितिः २०७८/०७/१६

प्रकाशित मिति : २०७८।७।२२

आज्ञाले,

राम प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत